नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

मा. मन्त्रीस्तरबाट मिति २०८१/६/१६
(नेपाल सम्वत् ११४४) मा स्वीकृत

# बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१

प्रस्तावनाः कृषि, पशुपन्छी तथा मत्स्य व्यवसायमा हुने जोखिमहरूको आर्थिक सुरक्षण गर्दै यस्ता व्यवसायतर्फ कृषकलाई आकर्षण गरी कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी सुरक्षित गर्न आवश्यक भएकोले नेपाल सरकारको आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्यको बुँदा नं ४७ मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न बाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि मिति २०८१ कार्तिक १ गतेबाट लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "काबु बाहिरको परिस्थिति" भन्नाले कृषि, मत्स्य तथा पशुपन्छी व्यवसायमा विभिन्न प्राकृतिक विपद् एवं रोग किराको कारण तथा दुर्घटना एवं बीमालेखमा उल्लिखित परिस्थिति सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले प्रदेश सरकारको तथा स्थानीय तहमा रहेका कृषि, मत्स्य तथा पशुपन्छी क्षेत्र हेर्ने कार्यालय सम्झनु पर्छ।

(ग) "पशुधन" भन्नाले घरपालुवा पशुपन्छी तथा मत्स्य सम्झनु पर्छ।

(घ) "बाली" भन्नाले कृषि क्षेत्रबाट उत्पादित फलफूल, तरकारी, खाद्यान्न, तेलहन, दलहन, मसला बाली, पुष्प, च्याउ जस्ता कृषि उपज सम्झनु पर्छ र यसले मौरी पालन, रेशम खेती, च्याउ खेती, चिया, कफी, उखु लगायत अन्य नगदे तथा औद्योगिक बाली समेतलाई सम्झनु पर्छ।

(ङ) "बीमक" भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनी सम्झनु पर्छ र सो शब्दले लघु निर्जीवन बीमा कम्पनी समेतलाई जनाउँनेछ।

(च) "बीमित" भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था (फर्म) वा सामुहिक (जस्तै नगरपालिका, गाँउपालिका, सहकारी संस्था आदिले किसानको सामुहिक रुपमा बीमा गरिदिने) संस्था सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्तिलाई समेत जनाउँछ।

(छ) "बीमालेख" भन्नाले बीमकले कुनै पनि जोखिम स्वीकार गरी बीमितलाई जारी गरेको बीमाको लिखत सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(झ) "विभाग" भन्नाले कृषि विभाग र पशु सेवा विभाग सम्झनु पर्छ।

Beema Post



सचिव

सचिव

(ञ) "समिति" भन्नाले बाली तथा पशुधन बीमा प्रिमियममा अनुदान व्यवस्थापन समिति सम्झनु पर्छ।

परिच्छेद-२

समिति सम्बन्धी व्यवस्था

३. समितिः (१) बाली तथा पशुधन बीमा कार्यक्रम कार्यान्वयन गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -अध्यक्ष

(ख) सह-सचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) सह-सचिव, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य

(घ) सह-सचिव, राष्ट्रिय योजना आयोग (कृषि हेर्ने) -सदस्य

(ङ) महानिर्देशक, कृषि विभाग -सदस्य

(च) महानिर्देशक, पशु सेवा विभाग -सदस्य

(छ) प्रतिनिधि, नेपाल विमक संघ -सदस्य

(ज) कार्यकारी निर्देशक, नेपाल बीमा प्राधिकरण -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा मन्त्रालयले आवश्यक ठानेमा विज्ञ सदस्य आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) बैठक संचालन गर्दा बैठकको अध्यक्षता बाली तर्फको विषयमा सचिव (कृषि तर्फ) र पशुधनको विषयमा सचिव (पशुपन्छी तर्फ) बाट हुनेछ।

(५) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) समितिको सचिवालय नेपाल बीमा प्राधिकरणमा रहनेछ।

४. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बाली तथा पशुधन बीमा अनुदानको लागि आवश्यक पर्ने वार्षिक बजेट रकम अनुमान गरी मन्त्रालयमा सिफारिस गर्ने,

(ख) बाली तथा पशुधन बीमा गर्ने कम्पनीलाई यस कार्यविधि बमोजिम प्रिमियम रकम अनुदान उपलब्ध गराउन व्यवस्था मिलाउने,

(ग) बीमक कम्पनीबाट बीमालेख बमोजिम कृषकलाई सहज रुपमा दावी भुक्तानी उपलब्ध गराउन सहजीकरण गर्ने,



सचिव सचिव

BeemaPost

(घ) बीमा सम्बन्धि अनुगमनका क्रममा बीमा कार्यक्रम कार्यान्वयनमा गलत बीमा भएको पाईएमा वा अनुदानको दुरुपयोग भएको पाईएमा प्रचलित कानून बमोजिम कारवाहीका लागि नेपाल बीमा प्राधिकरणलाई सिफारिस गर्ने,

(ङ) बाली तथा पशुधन बीमा कार्यक्रम कार्यान्वयनको सम्बन्धमा देखिएका विवाद एवं समस्याहरु समाधान गर्ने,

(च) प्रिमियममा अनुदान प्रदान गरिंदै आएको बाली तथा पशुधनको विवरणमा थपघट गर्नुपरेमा थपघट हुने व्यवस्था स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(छ) बाली तथा पशुधन बीमा प्रिमियम दर लगायत अन्य प्राविधिक विषय कार्यान्वयनको लागि नेपाल बीमा प्राधिकरणलाई सिफारिस गर्ने,

(ज) बाली तथा पशुधन बीमा कार्यान्वयनका सम्बन्धमा समितिले गर्ने कार्यमा सहजीकरण गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्ने।

## परिच्छेद-३

## अनुदान उपलब्ध गराउने प्रकृया तथा अनुगमन सम्बन्धी व्यवस्था

५. अनुदान उपलब्ध गराउने प्रक्रियाः नेपाल सरकारले निर्णय गरेबमोजिमको बाली तथा पशुधन बीमाको प्रिमियम वापत दिइने अनुदान रकम स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुरुप देहाय बमोजिमको प्रक्रिया अपनाई उपलब्ध गराउनु पर्नेछ र सोही वर्षमा उपलब्ध गराउन बाँकी रहेको रकम आगामी वर्षको बजेटमा प्रस्ताव गरी समावेश गर्नु पर्नेछ :-

(क) कृषि, मत्स्य तथा पशुपन्छी व्यवसाय गर्ने व्यक्ति वा संस्था (फर्म) वा सामुहिक बीमा गर्नेले प्रिमियममा अनुदान प्राप्त गर्न नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनी वा लघु निर्जीवन बीमा कम्पनीमा निवेदन दिनु पर्नेछ।

(ख) प्राप्त निवेदनको आधारमा बाली तथा पशुधनको बीमा सम्बन्धित बीमा कम्पनीले नेपाल सरकारबाट उपलब्ध हुने अनुदान बाहेकको प्रिमियम लिई बीमा गर्नु पर्नेछ।

(ग) बीमा गरिने बाली तथा पशुधनको प्रिमियममा अनुदान प्रतिशत अनुसुची-१ बमोजिम हुनेछ।

(घ) बाली तथा पशुधन बीमा गर्ने बीमा कम्पनीले नेपाल बीमा प्राधिकरणमा भुक्तानको लागि पेश गर्दा प्रदेशको जिल्ला स्थित कृषि, मत्स्य तथा पशुपन्छी क्षेत्र हेर्ने कार्यालयको सिफारिस सहित पेश गर्नु पर्नेछ।

(ङ) प्रदेशको जिल्ला स्थित कृषि, मत्स्य तथा पशुपन्छी क्षेत्र हेर्ने कार्यालयले बीमा कम्पनीबाट प्राप्त विवरणको आधारमा नेपाल बीमा प्राधिकरणमा प्रिमियम अनुदानको भुक्तानीको लागि सिफारिस गर्नु पर्नेछ।

(च) अनुदानका लागि पेश गरिने बीमालेखको सक्कल प्रति मागेको बखत जुनसुकै बेला उपलब्ध गराउने गरी बीमक आफैंले सुरक्षित राख्नु पर्नेछ।



सचिव सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(छ) बाली तथा पशुधन बीमा गर्ने बीमा कम्पनीले खण्ड (ग) बमोजिम नेपाल सरकारले व्यहोर्ने रकम भुक्तानीका लागि बीमालेखको प्रतिलिपि र प्रदेशको कृषि, मत्स्य तथा पशुपन्छी क्षेत्र हेर्ने जिल्लास्थित कार्यालयको सिफारिस पत्र बीमा गरेको तीस दिनभित्र नेपाल बीमा प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(ज) नेपाल बीमा प्राधिकरणले खण्ड (छ) बमोजिम पेश हुन आएका कागजातहरु रुजु गरी पशुपन्छी तथा मत्स्य बीमा तर्फको प्रिमियम अनुदानको लागि पशु सेवा विभाग र बाली बीमा तर्फको प्रिमियम अनुदानको लागि कृषि विभागमा निकासाको लागि सिफारिस सहित पेश गर्नु पर्नेछ।

(झ) उक्त विभागहरुले पुनः रुजु गरी अनुदान निकासा सहमतिको लागि समितिमा सिफारिस सहित पेश गर्नु पर्नेछ।

(ञ) प्राप्त सिफारिसका आधारमा समितिले अध्ययन गरी नेपाल सरकारले व्यहोर्ने रकम विभागको स्वीकृत कार्यक्रमबाट नेपाल बीमा प्राधिकरणलाई निकासा गर्न सम्बन्धित विभागलाई सहमति प्रदान गर्नेछ।

(ट) नेपाल बीमा प्राधिकरणले सम्बन्धित विभागबाट निकासा हुने रकमको लागि छुट्टै खाता खोल्नु पर्नेछ।

(ठ) सम्बन्धित विभागले समितिबाट प्राप्त सहमति बमोजिमको रकम नेपाल बीमा प्राधिकरणलाई निकासा गर्नु पर्नेछ र नेपाल बीमा प्राधिकरणले खण्ड (ट) बमोजिमको खातामा उक्त निकासा रकमको आम्दानी बाँध्नु पर्नेछ।

(ड) उक्त रकमबाट बीमा कम्पनीको माग दावी रुजु गरी सम्बन्धित बीमा कम्पनीलाई भुक्तानी दिनुपर्ने रकम एकिन गरी नेपाल बीमा प्राधिकरणले रकम भुक्तानी दिनु पर्नेछ।

(ढ) नेपाल बीमा प्राधिकरणले आर्थिक वर्षको अन्त्यमा खर्च नभई सम्बन्धित खातामा बाँकी रहन गएको रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्नेछ।

(ण) नेपाल बीमा प्राधिकरणले कुनै कारणवश सोही वर्ष भुक्तानी हुन नसकेको बीमा प्रिमियमको रकम भुक्तानी गर्नको लागि संघीय संचित कोषमा फिर्ता दाखिला गरिए बराबरको रकम विभागको आगामी वर्षको स्वीकृत बजेटमा समावेश गरी निकासाका लागि सम्बन्धित विभागमा पुनः पेश गर्नु पर्नेछ।

(त) निकासा प्राप्त भएको रकमको आम्दानी र खर्चको कारोवारको लेखा राखी आवधिक रुपमा नियमित आन्तरिक लेखा परीक्षण गराउने दायित्व नेपाल बीमा प्राधिकरणको हुनेछ। आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र अन्तिम लेखापरिक्षण गरी समिति मा लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।



सचिव सचिव

BeemaPost

(थ) बीमा गरिने बाली तथा पशुधनको बीमाङ्क रकम निर्धारण, बीमा प्रिमियम रकम निर्धारण, दावी भुक्तानी प्रकृया र बीमा सम्बन्धी अन्य व्यवस्थाहरु कृषि, पशुपन्छी तथा जडीबुटी बीमा निर्देशिका, २०७९ र सम्बन्धित बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ।

(द) यस कार्यविधि बमोजिम नेपाल सरकारवाट बीमा प्रिमियम अनुदान सुविधा प्राप्त गरेका कृषक तथा व्यवसायीले प्रदेश तथा स्थानीय तहबाट सोही शिर्षकमा थप अनुदान लिन पाउने छैनन्।

(ध) कृषि, मत्स्य तथा पशुपन्छी व्यवसाय गर्ने व्यक्ति वा संस्था (फर्म) वा सामुहिक बीमा गर्नेले खण्ड (द) बमोजिमको व्यवस्थाको लागि अन्य कुनै निकायबाट थप अनुदान नलिएको स्वघोषणा गर्नुपर्नेछ।

६. अनुगमनः (१) नेपाल सरकारबाट अनुदान प्राप्त गर्न बाली तथा पशुधनको जोखिम बीमा गर्ने बीमकले आफूले जारी गरेको बाली तथा पशुधन बीमा सम्बन्धी बीमालेख, त्यस्तो बीमा लेखले सिर्जना गरेको दायित्व तथा जोखिम र सम्बन्धित अन्य सूचनाहरु सहितको विवरण प्रत्येक त्रैमासिक समाप्त भएको मितिले सात (७) दिनभित्र नियमित रुपमा नेपाल बीमा प्राधिकरणमा पेश गर्नुपर्नेछ र नेपाल बीमा प्राधिकरणले यसरी प्राप्त भएको विवरण पन्ध्र (१५) दिनभित्र विभाग र मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) बाली तथा पशुधन जोखिम बीमा सदुपयोग र प्रभावकारिता सम्बन्धमा आवश्यकता अनुसार मन्त्रालय, नेपाल बीमा प्राधिकरण, कृषि विभाग, पशु सेवा विभाग र समितिले अनुगमन गर्न सक्नेछ।

(३) प्रदेश र स्थानीय स्तरमा अनुगमनको कार्य नेपाल बीमा प्राधिकरणको प्रादेशिक कार्यालय र सम्बन्धीत कृषि हेर्ने कार्यालयबाट हुनेछ।

## परिच्छेद-४
## विविध

७. प्रविधिको प्रयोगः (१) कृषि तथा पशुपन्छी बीमालाई पारदर्शी, व्यवस्थित, प्रभावकारी र वैज्ञानिक बनाउन बीमा सम्बन्धी वास्तविक समय (रियल टाइम) मा आधारित सफ्टवेयरलाई क्रमशः प्रयोगमा ल्याइनेछ।

८. प्रचलित कानून बमोजिम हुनेः (१) बाली तथा अन्य विषयमा बीमा ऐन, २०७९, बीमा नियमावली, २०४९, कृषि, पशुपन्छी तथा जडीबुटी बीमा निर्देशिका, २०७९, प्रचलित कृषि तथा पशुपन्छी बीमा लेख र अन्य प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

९. बाधा अड्काउ फुकाउने वा संशोधन गर्ने अधिकारः (१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा वा संशोधन गर्नु परेमा मन्त्रालयले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अडकाउ फुकाउन वा संशोधन गर्न सक्नेछ।

(२) बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।



सचिव सचिव

Beema Post

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ५ को उपदफा (१) खण्ड (ग) सँग सम्बन्धित)

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१/६/१४ को निर्णय

बाली तथा पशुधन बीमाको बीमा प्रिमियममा देहाय बमोजिम अनुदान प्रतिशत कायम गर्ने

| क्र.सं. | बीमाङ्क रकम | अनुदान प्रतिशत |
|---|---|---|
| १ | पचास लाख रुपियाँ सम्म | ८० |
| २ | पचास लाख देखि एक करोड रुपियाँ सम्म | ६५ |
| ३ | एक करोड रुपियाँ भन्दा बढी | ५० |

द्रष्टव्यः माथि उल्लिखित व्यवस्था मिति २०८१ कार्तिक १ देखि लागू हुनेछ।



सचिव सचिव